लेखापरीक्षण प्रतिवेदन

पाँचखपन नगरपालिका, संखुवासभा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

पाँचखपन नगरपालिका, संखुवासभा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता *(Independence)*
निष्ठा *(Integrity)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*
व्यावसायिकता *(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/491

मिति : २०८३-१-२९

श्रीमान् नगर प्रमुखज्यू,

पाँचखपन नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, संखुवासभा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/491

श्री नगर प्रमुखज्यू ,
पाँचखपन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
संखुवासभा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारीतर्फको विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. नगरपालिकाको रु १ अर्व १० करोड ७ लाख ७२ को लेखापरीक्षण गर्दा रु १ करोड १७ लाख २५ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु २५ लाख ८० हजार संपरीक्षण भई असुल गर्नुपर्ने रु १ लाख ७३ हजार,नियमित गर्नुपर्ने रु ५७ लाख ७७ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु ३१ लाख ९४ हजार गरी जम्मा रु ९१ लाख ९२ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु २४ करोड ८८ लाख ३ हजार मध्ये रु ८ करोड ६४ लाख ५५ हजार संपरिक्षण भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु १७ करोड १४ लाख ९३ हजारबाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३.अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट संपरीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
७१	१८	१,१७,२४,८१८	०	४	२५,८०,०३७	०	७१	१४	९१,४४,७८१	१,७३,२५७	५७,७७,४३४	३१,९४,०९०	०	०	८९,७१,५२४	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष संपरीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
संखुवासभा	२४,८८,०३,५८८	०	८,६४,५५,०३४	१६२३४८५५४	०	९१,४४,७८१	१७१४९३३३५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	७९	प्रशासनिक भवन निर्माण	२५,८०,०३७
२	२०८०/८१	३७	स्वकिय सचिब	३,७१,९३०
३	२०८०/८१	७६	स्यानिटरी प्याड	९,९०,७८०
४	२०८०/८१	७३	सोझै खरिद	५,३५,०००
५	२०८०/८१	१२८	सोझै खरिद	२४,५७,७५०
६	२०८०/८१	७७	सामुदायिक सिकाइ केन्द्र सञ्चालन	२,५०,०००
७	२०८०/८१	१४३	सामाजिक सुरक्षा फिर्ता बाँकी	७,०२,८५८

८	२०८०/८१	१२४	लघु उद्यम सहजकर्ता	४,५५,१४६
९	२०८०/८१	१११	मोटरसाइकल खरिद समानिकरणबाट भुक्तानि: :	१५,००,०००
१०	२०८०/८१	९९	मू.अ.कर कट्टि रकम दाखिला नभएको :	५७,०६०
११	२०८०/८१	९६	भरपाई पेश नभएको:	१,२०,०००
१२	२०८०/८१	९१	बैरुजु रकम कोषमा रहेको :	१,१४,२४८
१३	२०८०/८१	४८	बैठक भत्ता :	२,८७,०००
१४	२०८०/८१	४६	बिल भरपाइ पेश नभएको	१,२९,१००
१५	२०८०/८१	१०१.४	बिमा रकम भुक्तानि	८२,५६९
१६	२०८०/८१	४३	फरक खर्च शिर्षक	२०,७६,६७०
१७	२०८०/८१	१२७	फरक खर्च शिर्षक	२,५७,७०८
१८	२०८०/८१	२०	प्रोत्साहन	४,१३,४९१
१९	२०८०/८१	११४	प्रशासकिय भवन क्रमश................	१८,४३,३२४
२०	२०८०/८१	८२	पेश्कि जमानतको अबधि नपुग	१,४५,०५,३४५
२१	२०८०/८१	४७	पाइप खरिद	३,६८,०००
२२	२०८०/८१	४०	नीजि श्रोतका शिक्षकको तलब भत्ता	४२,७७,०००
२३	२०८०/८१	८७	निर्माण ब्यबसायीलाई बढि भुक्तानि	२,४१,७५१
२४	२०८०/८१	७४	दिवा खाजा	३३,५३६
२५	२०८०/८१	१०५.३०	ठे नं २।७९।८०	४५,०००
२६	२०८०/८१	४४	जिन्सि कितावमा आम्दानी नवाधेको	४६,६३७
२७	२०८०/८१	४५	खर्च पुष्टी प्रमाण	४,१४,०००
२८	२०८०/८१	३१	कानुनी सल्लाहकार	१,४४,०००
२९	२०८०/८१	१९	करार कर्मचारी ब्यवस्था	३०,३०,५५९
३०	२०८०/८१	९०	अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम	१,०९,८१०
३१	२०७९/८०	६९	स्वकिय सचिव र सल्लाहकार	३,७१,९३०
३२	२०७९/८०	७४	सोझै खरिद	२९,९५,३४७
३३	२०७९/८०	५९	सुरक्षित नागरिक आवास कार्यक्रम	१६,५०,०००

३४	२०७९/८०	८१	सहकारी भवन मर्मत	४,८०,०१०
३५	२०७९/८०	८०	बढी भुक्तानी	१,६३,५६५
३६	२०७९/८०	७०	पदाधिकारी अनुगमन सुविधा	९,४२,०००
३७	२०७९/८०	४१	नर्म्स भन्दा बढी खर्च	७,४८०
३८	२०७८/७९	६९	स्वकिय सचिव र सल्लाहकार	३,७१,९३०
३९	२०७८/७९	१७	रकम फिर्ता	३,४४,५६६
४०	२०७८/७९	६१	मु.अ.कर समयोजन	४,०३,२९३
४१	२०७८/७९	३४	बढी भुक्तानी	५६,९९४
४२	२०७८/७९	९	तोकिएको भन्दा फरक योजनामा खर्च	४५,११,३२२
४३	२०७८/७९	२३	करार कर्मचारी	३४,८९,९८०
४४	२०७८/७९	६५	आधारभुत अस्पताल	१,४५,०५,३४५
४५	२०७८/७९	१६	असम्बन्धित खर्च	१,००,०००
४६	२०७७/७८	३	वार्षिक प्रतिवेदन	१,०१,००,५००
४७	२०७७/७८	४०	प्रधानमन्त्री रोजगार कार्यक्रम	१,०१,००,५००
जम्मा				८,९०,३५,०७१

पाँचखपन नगरपालिका, संखुवासभा

(८०१०४४०४३००)

पाँचखपन नगरपलिका , संखुवासभा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थाट्यागनीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १४८.०३ वर्ग किलोमिटर तथा १६३४८ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।०४।२५ देखि २०८२ ।०६।०५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु.११००७७१९३६.०८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आर्थिक विवरण**

वित्तीय प्रतिबेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिम आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने, दफा ७६(२) मा महालेखा परीक्षकवाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षीक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम(वास्तविक प्राप्ति)	विवरण	रकम	रकम
सुरु मौज्दात	०.००	१२०८३२०६.६५	चालु खर्च	०.००	३०२३२०४०५.७०
१.संचित कोष	३२०२२१२.७८	०.००	१. पालिका तर्फ	१२३२८४३००.८०	०.००
२.धरौटी	६४६९९४३.००	०.००	२. संघीय सशर्त	१७४७९५११३.००	०.००
३.कार्यसञ्चालन कोष	२३०१४८८.८७	०.००	३. संघीय विशेष	०.००	०.००
४. अन्य कोष(प्रकोप व्यवस्थापन कोष)	१०९५६२.००	०.००	४. प्रदेश सशर्त	४२४०९९२.००	०.००
यस वर्षको आय	०.००	०.००	५. प्रदेश विशेष	०.००	०.००
१.आन्तरिक आय	५१८८०६०.२३	५१८८०६०.२३	पुँजीगत खर्च	०.००	८३३८५३७२.००
२. वित्तीय हस्तान्तरण (संघ)	०.००	३७४२७३२५९.८०	१. पालिका तर्फ	६८३४३७९४.००	०.००
क) समानीकरण अनुदान	१०१८५३६००.००	०.००	२. संघीय सशर्त	१२२६२५५.००	०.००
ख) राजस्व बाँडफाँट	७९१०८९२९.७६	०.००	३. संघीय विशेष	३९७९६७९.००	०.००
ग) सशर्त अनुदान	१८८०५४०००.००	०.००	४. संघीय समपुरक	०.००	०.००
घ) समपुरक अनुदान	०.००	०.००	५. प्रदेश सशर्त	५२५५२१६.००	०.००
ङ) विशेष अनुदान	३९७९६७९.००	०.००	६. प्रदेश विशेष	०.००	०.००
च) रोयल्टी	०.००	०.००	७. प्रदेश समपुरक	४५८०४२८.००	०.००
छ) अन्य(राजश्व बाँडफाँड स्थानीय)मालपोत कार्यालयबाट प्राप्त	१२७७०५१.००	०.००	अन्तर सरकारी अख्तियारी (संघ)	०.००	१२१६१९९६५.००
३. वित्तीय हस्तान्तरण (प्रदेश)	०.००	२६२६६६९५.४०	क) सामाजिक सुरक्षा	८८२५९१३४.००	०.००
क) समानीकरण अनुदान	७०१४०००.००	०.००	ख) विद्यालय शिक्षा क्षेत्र योजना	७५६०००.००	०.००
ख) राजस्व बाँडफाँट	४१३६२६७.४०	०.००	ग)स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	७२१९२७६.००	०.००
	०.००	०.००	घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१०२७५०००.००	०.००
	०.००	०.००	ङ) एकिकृत स्वास्थय पुर्वाधार विकास कार्यक्रमक	१५११०५५५.००	०.००
ग) सशर्त अनुदान	१०५३६०००.००	०.००	अन्तर सरकारी अख्तियारी (प्रदेश)	०.००	०.००

घ) समपुरक अनुदान	४५८०४२८.००	०.००	ऋण फिर्ता(साँवा)	०.००	०.००
ङ) विशेष अनुदान	०.००	०.००	ऋणको ब्याज भुक्तानी	०.००	०.००
च) रोयल्टी	०.००	०.००	धरौटी फिर्ता तथा सदर स्याहा	१६५५०७५.८३	१६५५०७५.८३
छ) अन्य	०.००	०.००	कार्यसञ्चालन कोषबाट भएको खर्च	२१४६४१७५.९०	२१४६४१७५.९०
४. अन्तर सरकारी अख्तियारी (संघ)	०.००	१२१६९९६५.००	अन्य कोषबाट भएको खर्च	१६१००२१.००	१६१००२१.००
क) सामाजिक सुरक्षा	८८२५९१३४.००	०.००	गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०.००	०.००
ख) विद्यालय शिक्षा क्षेत्र योजना-केन्द्र स्तर	७५६०००.००	०.००	अन्य सहयोगमा सञ्चालित योजना	०.००	०.००
ग) स्थानीय तह प्रशासकीय भवन पूवाधार विकास कार्यक्रम	७२१९२७६.००	०.००	अन्य खर्च भएमा	०.००	०.००
घ) स्वास्थय क्षेत्र सुधार कार्यक्रम	१०२७५०००.००	०.००		०.००	०.००
ङ) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम	१५११०५५५.००	०.००		०.००	०.००
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०.००	०.००	अनुदान फिर्ता	०.००	०.००
६. ऋण/ वित्तीय व्यवस्था	०.००	०.००	१. संघ तर्फ	०.००	१२०३२६३२.०४
७. धरौटी आय	५०३०१७६.८३	५०३०१७६.८३	क) सशर्त अनुदान	१२०३२६३२.०४	०.००
८. कार्यसञ्चालन कोष आय	२१७६६३३९.४६	२१७६६३३९.४६	ख) विशेष अनुदान	०.००	०.००
९. अन्य कोषको आय(प्रकोप व्यवस्थापन)	१५०००००.००	१५०००००.००	ग) समपुरक अनुदान	०.००	०.००
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०.००	०.००	२. प्रदेश तर्फ	०.००	१०३९७९२.००
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०.००	०.००	क) सशर्त अनुदान	१०३९७९२.००	०.००
१२. अन्य आय भएमा	०.००	०.००	ख) विशेष अनुदान	०.००	०.००
	०.००	०.००	ग) समपुरक अनुदान	०.००	०.००
	०.००	०.००	अन्तिम मौज्दात	०.००	२२६००२६३.८७
	०.००	०.००	१. संचित कोषको मौज्दात	१०१४२०३५.४१	०.००
	०.००	०.००	२. धरौटी	९८४५०३५.००	०.००

	०.००	०.००	३. कार्यसञ्चालनकोष	२६०३६५२.४६	०.००
	०.००	०.००	४. अन्यकोष	९५४१.००	०.००
जम्मा	५६७७२७७०३.३०	५६७७२७७०३.३०	जम्मा	५६७७२७७०३.३०	५६७७२७७०३.३०

(विस्तृत विवरण बेरुजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८,८२,५९,१३४, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम रु.७२,१९,२७६, विद्यालय शिक्षा क्षेत्र योजना रु.७,५६,०००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.१,०२,७५,००० र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,५१,१०,५५५ समेत गरी रु.१२,१६,१९,९६५ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको वित्तीय प्रतिवेदन अनुसार रु.१,१२,६३,७१४.०१ मौज्दात रहेकोमा यो वर्ष रु.१,२०,८३,२०६.६५ जिम्मेवारी सारेको छ । जस अनुसार वित्तीय प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.८१९४९२.६४ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

५ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१,३२५.८९, यस वर्षको प्राप्ति रु.१६,२९,८८,९०५.३, यस वर्षको भुक्तानी रु.१६,२९,९२,८२१.१९ र बैङ्क मौज्दात रु. -२५९० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	१,२०,८१,८८०.७६	३९,२६,५५,५९१.३५	३८,२१,३४,६१८.२४	२,२६,०२,८५३.८७
एकीकृत आर्थिक विवरणअनुसार	१,२०,८३,२०६.६५	५५,५६,४४,४९६.६५	५४,५१,२७,४३९.४३	२,२६,००,२६३.८७
फरक	१,३२५.८९	१६,२९,८८,९०५.३	१६,२९,९२,८२१.१९	(२५९०)

६ अनुदान फिर्ता

विनियोजन ऐन, २०८१ को दफा ६(१०) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६(१०) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका समानिकरण अनुदान बाहेकको अनुदानतर्फको खर्च नभई बचत भएको रु.२५२९६३३ संघीय सञ्चित कोषमा २०८२।३।२६ मा फिर्ता गरेको छ । त्यस्तै

प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका समानिकरण अनुदान बाहेकको अनुदानतर्फको खर्च नभई बचत भएको रु. १०३९७९२ प्रदेश सञ्चित कोषमा मिति २०८२।३।२६ मा फिर्ता गरेको छ ।

७ कर दायित्व

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१५९० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,५९०

८ कोषहरुको अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरि पालिकाको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ ।

९ बैङ्क हिसाव मिलान

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु ३६९४५ फरक पर्न गएकोले पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तहसञ्चित कोष खाता	१०१४२३५	१०१४२३५	०
चालु खर्चखाता	०	०	०
पुँजीगत खर्चखाता	०		
विविध खर्च खाता	२६७६५२	२६७६५२	०
विपद व्यवस्थापन खाता	९५४१	९५४१	०
स्थानीय विभाज्य कोष	०	०	०
कर्मचारीकल्याणकोष खाता			
धरौटी	९८४५035	९८८१९८९	३६९४५
ग१.१, आन्तरिक राजस्व खाता	०	०	
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	०
बैङ्क	11136463	11173417	३६९४५

१० बजेट पेश, पारित तथा अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित

गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।०३।१० मा रु. ४६ करोड ६७ लाख ४ हजार ८४८ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।११ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेटवाट स्विकृत भएका योजनाहरु आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

११ बजेट अबण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष तपसिल बमोजिमको शीर्षकमा रु २०००००० अबण्डा बजेट व्यवस्था गरी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सि नं	शिर्षक	रकम
१	अन्य साझेदारी	१००००००
२	भैपरी आउने चालु खर्च	१००००००

१२ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८ करोड ३३ लाख ८५ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१३ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	८३३८५३७२	३९५९९६९	४३१२८४९	१०८९५३२२	६४०७५११२	५०४३६३४७
प्रतिशत	१००	५	५	१३	७७	६०

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु८३३८५३७२. निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३९५९९६९(५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु४३१२८४९ (५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १०८९५३२२ (१३ प्रतिशत) र चौथो त्रैमासिकमा रु.६४०७५११२ (७७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५०४३६३४७ (६० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	१,७१,९३,०००.००	१,१८,८९,९६८.००	६९.१६
२	पूर्वाधार विकास	९,५३,०२,७५७.००	६,००,२५,६९९.००	६२.९८
३	सामाजिक विकास	२५,९५,२७,०७६.००	२२,६९,३२,६७१.९६	८७.४४
५	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१,४८,८३,०००.००	१,१७,४१,९१४.००	७८.८९
६	कार्यालय सञ्चालन तथा प्रशासनिक	७,९७,९९,०१५.००	७,५१,२२,९२५.७६	९४.१४
जम्मा		४६,६७,०४,८४८.००	३८,५७,१३,१७८.७२	८२.६४

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबैभन्दा बढी ९४.१४ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटीमा ६२.९८ प्रतिशत रहेको छ ।

१५ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष ०८१।८२ का लागि स्वीकृत भएको रु. १ करोड १५ लाख ७७ हजार बराबरको ५३ योजना तथा कार्यक्रमलाई घटाई हिउँदे अधिवेशनबाट ५७ योजना तथा कार्यक्रममा रु. १ करोड १५ लाख ७७ हजार बढाई रकमान्तर गरेको छ । उक्त घटाएको बढाएको रकम शुरु वजेटको तुलनामा ४.९६ प्रतिशत हुन जान्छ । योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

सि.नं.	विवरण	योजना संख्या	घटाएको	बढाएको	जम्मा रकमान्तर
१	रकमान्तरबाट घटाएको	५३	११५७७	-	११५७७
२	रकमान्तरबाट बढाएको	५७	-	११५७७	११५७७
जम्मा रकमान्तर					२३१५४
शुरु बजेट					४६६७०४
शुरु बजेटको प्रतिशत					४.९६

१६ लक्ष्य प्रगति

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति				
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति	७५% भन्दा बढी
कार्यक्रम संख्या	९०८	२२०	१०	१९	४१	६१८

१७ बजेट सीमा निर्धारण समीति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरीसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले थप २ वर्षको प्रक्षेपण समेत तयार गरी यस वर्ष स्रोत अनुमान तथा सीमा निर्धारणको निर्णय गरेको देखिएन । ऐनमा व्यवस्था भएअनुसारको बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१८ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्न अनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ३७७ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० 6. लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
. १	पालिकास्तरीय	१३९	७	२४	१०८
२	वडास्तरीय	२३८	०	५	२३३
	जम्मा	३७७	७	२९	३४१

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावीनहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१९ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.५१८८०६०.२३ र राजस्व बाँडफाँड र अनुदानबाट रु.४००५३९९५५.१६ समेत रु.४०५७२८०१५.३९ आम्दानी भएकोमा चालु तर्फ रु ३०,२३,२०,४०५.७२ र पूँजिगत तर्फ रु.८,३३,८५,३७२.०० समेत रु.३८,५७,१३,१७८.७२--खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.९११४०७७ खर्च भएको छ जुन आन्तिरिक आयको १७६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु खर्चमा विनियोजित बजेटको ९०.९० प्रतिशत चालु र पूँजिगत खर्चमा विनियोजित बाजेटको ६२.१८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२० आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

वजेट व्यवस्थापनतर्फ

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृती गरेको छ तर सो व्यवस्था पूर्ण पालना गरेको छैन ।

उपभोक्ता समिति तर्फ

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको छैन ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार भएको पुष्ट्याई हुने अवस्था छैन ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक गरेको छैन ।

भ्रमण खर्च व्यवस्थापनतर्फ

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था छैन ।

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।

• मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको छैन ।

• कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्थाको पूर्ण कार्यान्वियन भएको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको छैन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरेतापनि तथ्यांकमा एकरुपता रहेको छैन ।

विविध तर्फ

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको वा त्यसको अभिलेख राखेको छैन ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको छैन ।

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी खर्च गर्ने परिपाटी रहेको छै न।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फारामको प्रयोग पुर्णरुपमा र उद्देश्यअनुरुप प्रयोग र अभिलेख राखेको छैन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण कारोबार समाविष्ट नभै एकिकृत आर्थिक विवरणमा म्यानुअली बजेट र खर्चको एकमुष्ट विवरण मात्र प्रविष्ट गर्न सक्ने व्यवस्था भएबाट शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले सारांश दिएतापनि हरेक क्रियाकलाप सहितको विस्तृत विवरण सहितको अवस्था चित्रण हुन सकेको छैन ।

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।

• पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । पदपूर्ती सम्बन्धमा सम्बन्धित निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थलको कार्य अगाडी बढेको देखिएन ।

• पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले मातहत कर्मचारीलाई कार्यविवरण/कार्यदिश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छैन ।

सामाजिक सुरक्षातर्फ -

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैक तथा वित्तिय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरु मध्ये निष्कृय खाताको विबरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ । कार्यालयले बैकबाट निष्कृय खाताको विबरण प्राप्त गरी सो खातामा बाँकी रहेको रकम संघिय संचित खातामा दाखिला गर्नु पर्दछ ।

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दो दफा १२ अनुसार कुनै लाभग्राहीको मृत्य भएमा, बसाइ सरी गएमा वा अन्य कुनै कारणले लगत कट्टा गर्नु परेमा लगत कट्ट गरीएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडा सचिव वा निजले तोकेको जिम्मेवार वदाधिकारीले प्रमाणित गर्नु पर्ने व्यवस्था भएकोमा सो बमोजिम गरेको पाईएन ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्वन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने स्थानीय तहले संचालन गरेको चौमासिक वा बार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले सो बमोजिम गरेको पाईएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

२१ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।पालिकामा आन्तरिक लेखापरीक्षण ईकाई गठन भई पाचौ तहको सहायक स्तरको कर्मचारी कार्यरत रहेकोले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण ले आन्तरिक नियन्त्रण प्रमाणीलाई प्रभावकारी बनाई सुधारात्मक औजारका रुपमा विकास हुन सकेको देखिएन ।कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको प्रत्येक त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२३ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।कोशी प्रदेश स्थानिय सरकारी सेवाको गठन,सञ्चालन तथा सेवाको शर्तहरुका सम्वन्धमा बनेको ऐन २०८० को दफा १४ अनुसार सोही ऐनको दफा ८ को उपदफा १४ मा उल्लिखित पदहरु कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यालय सहयोगी जस्ता पदहरुमात्र करार सेवामा व्यवस्थापन गरेको छ भने करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७४ बमोजिम इञ्जिनियर, कृषि अधिकृत, सब इञ्जिनियर जस्ता रिक्त प्राविधिक पदमा समेत कर्मचारीको व्यवस्थापन गरेको छ। नगरपालिकाले विभिन्न पदका कर्मचारीहरु करार तथा ज्यालादारीमा राखि यस आ व मा रु २,५७,७२,९२७। खर्च लेखेको छ ।स्वीकृत दरबन्दी भित्र रहेको र आन्तरिक स्रोतको सुनिश्चितता गरेर मात्र करारमा कर्मचारी लिनु पर्दछ।

सि नं	पद तह	संख्या	यस वर्ष तलब भत्तामा भएको खर्च रकम
१	कार्यक्रम अधिकृत(अधिकृत छैठौ)	३	१७३३८७१
२	मेडिकल अधिकृत	१	१४४००००
३	सब.इन्जिनियर(पाँचो)	३	१३८४४७०
४	अ.सब.ईन्जिनियर(चौथो)	३	१३१३१७८
५	अमिन चौथो	१	४३७७२६
६	रोजगार सहायक पाँचौं	१	४६१४९०
७	सहायक कम्प्यूटर अपरेटर	२	६७००००
८	एम.आई.एस अपरेटर	१	४६१४९०
९	फिल्ड सहायक	१	४३७७२६
१०	एक गाँउ एक कृषि प्रविधिक चौथो	३	१३१३१७८
११	कृषि प्रविधिक चौथो	२	६९६०००
१२	रेडियोग्राफर	१	५३००००
१२	हलुका सवारीचालक	३	११०६८६८
१४	अ.हे.ब	१०	३४८००००
१५	कार्यालय सहयोगि	२०	५७८४८००
१६	नगर प्रमुख स्वकीय सचिब	१	३७४१३०
१७	न्यायीक समिति अभिलेख प्रशासक	१	३४८०००
१८	सडक हेरालु	२१	२५०००००
१९	खानेपानि हेरालु	६	१३०००००

२४ **आर्थिक सहायता वितरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख भएको छैन। पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरणका लागि यस पालिकाको आर्थिक सहायता वितरण सम्बन्धी नियमावली, २०७९ तर्जुमा गरी कार्यान्वयन गरेको देखिन्छ । सोही नियमावलीका आधारमा यस आ व मा विभिन्न व्यक्तिहरुलाई रु ७४३००० .आर्थिक सहायता र विपद ब्यवस्थापन अन्तर्गत रु २०९०००० गरी जम्मा रु २८३३००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु ८३९०२७२।- को करिब ३३.७६ प्रतिशत हुन आउँछ । नियमावलीमा आर्थिक सहायता प्रापकको सम्वन्धमा स्पष्ट उल्लेख नभएको साथै सहायता पाउने ब्यक्तिहरुको सुचना विद्युतीय प्रणाली मार्फत सार्वजनिकरण नभएको अवस्थामा दोहोरो सहायता पाउन सक्ने तथा कति संख्यामा सहायता वितरण भयो पुर्ण जानकारी नहुने हुदाँ सो तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सि नं	शिर्षक वा प्रयायोजन	रकम	प्राप्त गर्नेको संख्या
१	आर्थिक सहायता	७४३०००	५२
२	विपदमा परेकाहरुलाई आर्थिक सहायता,उद्धार, पूनःस्थापना, महामारी रोकथाम र अन्य प्रकोपजन्य व्यवस्थापनको लागि आवश्यक कार्य	२०९००००	४६

२५ **वितरणमुखी अनुदान कार्यक्रम**

स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वियन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो। जुन योजना र कार्यक्रमहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउने देखिंदैन। उदाहरणका लागि केही योजना र कार्यक्रमहरु निम्नानुसार छन-

गो भौ नं।मिति	कार्यक्रमको नाम	खर्च रु
३१५।२०८१।१२।१७	जनकल्याण युवा क्लव	४८५००
२९१।२०८१।११।२२	वडा स्वरोजगार कार्यक्रम	१८००००
४२५।२०८२।०१।२६	पाँचखपन नगर खेलकुद विकास समीति	१२५०००
४३१।२०८२।०२।०१	नुन अनुदान	२२५०००
४८०।२०८२।०२।२०	दानाबारी कटहरे टोल विकास संस्था	५८२०००
७०३।२०८२।०३।२५	विद्यार्थिसँग जनप्रतिनिधि कोचिङ क्लास	७००००

२६ **मिनिटिलर बितरण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार जिन्सि मालसामान ७ दिन भित्र दाखिलागरी श्रेस्ता खडा गर्नु पर्ने उल्लेख छ ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८ अनुसार कार्यालयले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल सम्पतीको तथा मालसामानको लेखा खरिद मूल्यको आधारमा राख्नुपर्ने व्यवस्था रहेको छ । यसरी लेखा राख्दा एकपटक प्रयोग भइसकेपछि पुन: प्रयोगमा आउन नसक्ने वा प्रति एकाइ पाँच हजार रुपैयाँसम्म पर्ने मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने र एक वर्षभन्दा वढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाच हजार रुपैयाँभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्तिको लेखा खर्च भएर नजाने खातामा अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । पाँचखपन नगरपालिकाले मिति २०८१।१२।११ को वडामा दिएको अख्तियारीको आधारमा वडाध्यक्षले दररेट मागि प्राप्त दररेटको आफैले मिति २०८१।१२।२६ मा तुलनात्मक चार्ट प्रमाणित गरी पाँचखपन नगरपालिका टोलविकास संस्था व्यवस्थापन ऐन, २०७९ बमोजिम दर्ता र सञ्चालनमा रहेका टोल विकास संस्थाहरुलाई यस वर्ष कृषि कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा मिनिटेलर उपलब्ध गराएको देखिन्छ । यसरी मिनिटेलर उपलब्ध गराउदा बडाध्यक्ष आफै प्रत्यक्ष संलग्न देखिएको तथा मिनिटिलर लिने लाभग्राही छनोटको आधार पेश नभएको, सम्बन्धित कृषकहरुले मिनिटिलर प्रयोग गर्ने कार्यविधि सम्बन्धमा सम्झौता नभएको, कृषकहरुले मिनिटिलर प्रयोग गर्ने कार्यविधि नरहेको तथा दर्तावाल संस्थालाई जिन्सी सामाग्री हस्तान्तरण गर्दा सम्बन्धित संस्थाको जिन्सी खातामा आम्दानी जनाएको प्रमाण संलग्न नगरि खर्च लेखेकोले आवश्यक प्रमाण पेश हुनुपर्ने रु

वडा नं	गो भौ नं ।मिति	खरीद गरीएको मालबस्तुको नाम	परिमाण	भुक्तानि रकम रु
१	६४६।२०८२।०३।२०	मिनिटर्लर	१०	४७५०००
४	५०५।२०८२।०३।२६	मिनिटेलर	१६	७२०००

प्रमाण पेश नगरेको	११,९५,०००

२७ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले भन्ने सम स्रोतमै आफ्नो कार्यक्षेत्र भित्रको फोहर व्यवस्थापन गर्नु पर्ने र त्यसका लागि आवस्यक व्यवस्थापन मिलाउनु पर्ने देखिन्छ ।पालिकाले आफ्नो कार्यक्षेत्रमा उत्पादन हुने फोहरलाई के कसरी व्यवस्थापन गर्ने भन्ने सम्वन्धमा हालसम्म कुनै नियम कार्यविधि वनाएको देखिएन । पालिकाले सबै उपभोक्तावाट सरसफाई शुल्क उठाएको देखिदैन । साथै ल्याण्ड फिल्ड साईड एकिन नभएको, फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२८ **नाफामुलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन नमिल्ने देखिएकोले पालिकावाट यस आ.व. मा तपसिल बमोजिमका संस्थाहरुलाई वितरण गरेको अनुदान नियम सम्मत नदेखिएको रु

सि नं	प्रयोजन	रकम	प्राप्त गर्नेको नाम	कैफियत
१	अनुदान	३६८९४	सयपत्रि महिला बचत तथा ऋण सहकारी संस्था लि	
२	अनुदान	१९४००	सगरमाथा महिला बचत तथा ऋण सहकारी संस्था लि	
३	अनदुान	९७०००	रुद्राक्ष र नर्सरी तथा पशुपालन बहुउद्देश्यीय फर्म	ब्यक्तिगत
४	अनुदान	४८५००	माङ्टार एकीकृत कृषि तथा पशुपालन फर्म	ब्यक्तिगत
		२०१७९४		

अनियमित भएको	२,०१,७९४

२९ **सम्पति व्यवस्थापन प्रणाली:-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले PAMS का जिन्सी लगत PAMS V2 मा सार्दा खर्च भएर जाने जिन्सी मालसामानहरुको अभिलेख सारेको पाइएन । वडा कार्यालयवाट खरिद भएका कतिपय सामान खरिद गर्दा हालसम्म म्यानुअल दाखिला गरेको छ ।कार्यालयले सबै जिन्सी मालसामानहरुको यथार्थ स्थिति पहिचान गरी अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३० **सूचनाको हक**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम सम्बन्धित सार्वजनिक निकायले आफ्नो सूचना वर्गीकरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक निकायसँग माग गरिएको सूचना र उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख राख्नु पर्ने व्यवस्था छ । पालिकाले उक्त ब्यवस्था बमोजिम सूचनाको वर्गीकरण र अद्यावधिक नगरेको र सार्वजनिक निकायसँग माग गरिएको सूचना र उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख समेत राखेको पाइएन ।अतः पालिकाले ऐन तथा नियमावलीमा भएको ब्यवस्था कार्यान्वियन गर्न ध्यान पुर्याउनु पर्दछ ।

३१ धरौटी तर्फ

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(११) अनुसार सरकारी सम्पत्ति नगदी, जिन्सी सुरक्षित राख्न, हिनामिना हुन नदिन कार्यालय प्रमुखले उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । कार्यालयले धरौटी तर्फ गत वर्षको रु.७७,१८,९४१ अल्या गरेकोमा यस वर्ष रु.९९,६०,७१० कूल आम्दानी देखाएकोमा रु.१,१५,६७५ फिर्ता भइ रु.९८,४५,०३५ मौज्दात बाँकी रहेको देखिन्छ ।

३२ साझेदारी कार्यक्रमको सम्झौता नभएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा उपभोक्ता समितिबाट कार्य गराउनु अघि निर्माण कार्यको प्रकृति, कार्यपरिमाण,उपभोक्ता समुहको लागत लगायतका विषय समावेश गरी सम्झौता गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले साझेदारी कार्यक्रम अन्तर्गत बिनियोजित बजेटवाट गोर्खा वेयलफेयर ट्रस्ट सँग साझेदारी कार्यक्रम वापत निम्ना अनुसार उपभोक्ता समितिलाई भुक्तानी भएकोमा कार्यलयले ट्रस्ट तथा उपभोक्ता समिति सँग भएको सम्झौता,कार्य भएको खुल्ने नापजाँच तथा प्राविधिक बिल पेश नभएको अवस्थामा उपभोक्ता समितिवाट पेश भएको १०९८८ ज्यामीको डोरहाजिरीको आधारमा प्रति ज्यामी ज्याला खर्च रु २५० का दरले रु १८८९५०० भुक्तानी भएको छ ।अत पालिकावाट सम्पादित कार्यको लागत अनुमान, सम्झौताका पक्षहरुको दायित्व खुल्ने त्रिपक्षिय सम्झौता, प्राबिधिक मुल्याङ्कन सहितको नापी किताव,उपभोक्ता समितिको विल तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु

विवरण	भुक्तानी पाउने	ज्यामी संख्या	भुक्तानी दर	भुक्तानी रकम
गत आ व को भुक्तानि	पोख्राङ्ग मालबासे खा.पा.उ.स	७५५८	२५०	१८८९५००

प्रमाण पेश नगरेको	१८,८९,५००

३३ अनुदानको अनुगमन

सार्वजनिक निकायवाट उपलब्ध गराईएको अनुदानको सहि सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले कृषि,पशु तथा विभिन्न संस्थालाई वीउ पुँजी तथा अनुदानमा खर्च लेखेका छन। पालिकावाट खरिद तथा बितरण गरी श्रेस्ता साथ संलग्न भरपाईहरु जोड जम्मा नगरेको, वडागत भरपाई शारस तयार नभएको,अनुदानग्राहि छनौटको स्पास्ट मापदण्ड यार नगरेको तथा मागको आधारमा खरिद गरि वितरण गरेको पाईयो ।यसै गरी पालिकावाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो वाट प्रात उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।तसर्थ अनुदान लाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानिय तहवाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा आएको यकिन गरी रकमको पुर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ।केहि उदाहरणहरु यसप्रकार रहेका छन ।

गो भौ नं मिति	कार्यक्रमको नाम	वितरित वस्तु	परिमाण	रकम रु	कैफियत
४६९।२०८२।०२।१८		प्लास्टिक टनेल मिनिटेलर	१६ १०	२५८०००	वडा नं ८
५०५।२०८२।०२।२६	एक टोल एक मिनिटेलर	मिनिटेलर	१६	७२००००	७५ प्रतिशत अनुदान
विभिन्न	आर्थिक आत्मनिर्भर कार्यक्रम	अलैची विरुवा	६५०००	६५००००	प्रदेश साझेदारी
६४६।२०८२।०३।२०		मिनिटेलर	१०	४७५०००	वडागत
६८२।२०८२।०३।२४		मौरीको घार	१९		१०० प्रतिशत अनुदान
१६।२०८२।०३।०८		उखु पेल्ने मेशिन	४	६०००००	प्रदेश
१७।२०८२।०३।२५		मेकाडेमिया	९०००	५१५०००	

३४ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले हाल सम्म रु.१०१४५०८७ पेश्की दिएको छ । यस बर्ष निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की रु.६८०००० दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेता पनि सोको अभिलेख व्यवस्थित गरी गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

मिति	पेश्की लिनेको नाम	पेश्कीको प्रयोजन	रकम
२०८१।११।२५	रविना । जोशी जे.भी.	नारदे भन्ज्याङ टाइगरचोक देवल सार्कीडाँडा रिङ्गे मोटरबाटो स्तरोन्नती वडा नं. २	६८००००

३५ **प्रशासकिय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३२ जना पदपूर्ती भएको देखिन्छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, लेखा अधिकृतसहित १५ पदहरु रिक्त रहेका छन्।

३६ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ र स्थानिय सरकारी सेवा(गठन तथा सञ्चालन) ऐन २०८० मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १८ कर्मचारीको रु,१,४५,१९,९५३.१६, शिक्षातर्फ २७७ शिक्षकहरुको रु.११,३१,१४,४३८.८ र पालिकाका ३२ कर्मचारीको रु.१,३२,३३,६७७.७६ समेत रु.६९८५४०३३ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३७ **गत बर्षको भुक्तानी**

३७.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी यस वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी ७४ वटा

योजनाको विभिन्न टोल विकास संस्था, निर्माण व्यवसायी र आपुर्तकहरुलाई रु.१५७२७५६६ भुक्तानी दिएको छ । तसर्थ यस्तो भुक्तानी नियन्त्रण गर्नुपर्दछ ।

३७.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ तर पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरेता पनि पालिकाले पदाधिकारी सुविधा तर्फ नपुग सुविधा भनि गत आ व को असार महिनाको भुक्तानि रु ७०३००० गो भौ नं ४ मिति २०८०।०६।१० मा भुक्तानि लिएको देखिन्छ । बजेटमा स्थानिय तह पदाधिकारी सुविधा सम्वन्धि ऐन २०७५ बमोजिम पालिकाको वार्षिक बजेटमा सुविधा वापतको रकम ब्यवस्थापन भएकोमा सो बजेट रकमान्तर गरी खर्च गरेकोले पदाधिकारी सुविधातर्फको अषाढ महिनाको रकम नपुग भएको देखिएकोले अनियमित रु

अनियमित भएको	७,०३,०००

३८ **भ्रमण खर्च**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई ३६७ स्वीकृत भ्रमण आदेशका आधारमा भ्रमण खर्च रु २६६६०००।०० भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- भ्रमण सम्वन्धित पालिकाका वडाहरुवाट अन्य पालिका केन्द्र तोकि भुक्तानि लिने गरेको ।
-पालिकासँग असम्बन्धित नगर/गाँउपालिका तथा जिल्लामा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी ७ दिन सम्मको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमण आदेशहरुमा भ्रमण गर्ने स्थान नतोकिएको तथा कतिपय भ्रमण बीलका आधारमा समेत भुक्तानि गरेको देखिएको ।
- पालिका भन्दा बाहिरका कर्मचारीहरुको भ्रमण आदेशमा पालिकाले भुक्तानि गर्ने स्पष्ट आधार उल्लेख नगरिएको साथै असम्बन्धित ब्यक्तिहरुको समेत भ्रमण आदेशका आधारमा भुक्तानि गरिएको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्चमा बढी ब्ययभारको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमणको औचित्प पुष्टि हनु गरी सक्ने मितब्ययी तवरले भ्रमण आदेश स्वीकृत गर्ने तर्फ पदाधिकारी तथा कर्मचारीहरुले आवश्यक ध्यान दिनुपर्दछ ।

३९ **ईन्धन खर्च**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०८१ को बुँदा नं ४९ मा सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरुले निश्चित मापदण्डको आधारमा न्युनतम तथा थप ईन्धन सुविधा रहेको छ ।सोहि ब्यवस्था बमोजिम २ पाङ्गे सवारीको हकमा मासिक १२ लि पेट्रोल तथा ४ पाङ्गेको हकमा अधिकतम १७५ लि सम्मको ईन्धन सुविधाको ब्यवस्था रहको छ ।यस नगरपालिकाले आ व २०८१।८२ मा यस कार्यालयमा ४ पाङ्ग्रे ५ वटा र मोटरसाइकल २२ वटा भएकोमा सवारी साधनका लागि रु २१६६००० तथा वडातर्फ रु ४९५००० गरी जम्मा रु २६६१००० खर्च गरेको देखिन्छ।प्रचलित कानुन, आफ्नो आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार र कार्यालयको कार्यबोझको आधार समेत एकिन गरी पदाधिकारी तथा कर्मचारीलाई सवारी साधनको लागी पाउने ईन्धन सुविधा सम्वन्धमा मापदण्ड, कार्यविधि बनाउनु पर्नेमा, बनाएको छैन । कार्यालयले इन्धन खपत गर्दा सवारी साधनको लगबुक राखी इन्धन खपतलाई नियन्त्रण गर्नुपर्दछ । कार्यालयले सवारी साधनको लगबुक राखी कर्मचारीहरुको इन्धन बिलको भुक्तानी दिने गरेको भएता पनि इन्धन खपतमा नियन्त्रणको अवस्था नदेखिएकोले मासिक रुपमा प्रत्येक कर्मचारीले के कति इन्धन खपत गर्न पाउने हो सो को मापदण्ड निर्धारण गरी सवारी लगबुकका आधारमा कर्मचारीलाई मासिक रुपमा इन्धन प्रदान गर्नुपर्ने देखिन्छ ।

४० विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट खाना खाजा लगायत विविध कार्यक्रममा पालिका तर्फ रु १९९६००० तथा वडा तर्फ रु ७६८००० गरी जम्माा रु २७६४०००(आन्तरीक आयको ५३ प्रतिशत) खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा अधिकांश होटल वील मात्र आएको देखिन्छ । त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा खर्च भएको पालिकाले जानाकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। केही उदाहरण

गो भौ नं । मिति	भुक्तानि रु	
२१।२०८१।०५।३१	१४२१८५	भेटघाट होटल
१९४।२०८१।१०।१३	१७४०००	भेटघाट होटल
३७६।२०८२।०१।१२	१७०६५०	शारदा होटल
४७४।२०८२।०२।१९	२४१५६०	भेटघाट होटल
६१६।२०८२।०३।१७	३६४९४०	सभा सञ्चालन खर्च

४१ मसलन्द तथा कार्यालय सामाग्री

सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिमको खरीद गर्दा पालिकाले खरीद आवश्यकताको पहिचान गर्ने, तोकीए बमोजिमको लागत अनुमान तयार गरी बार्षिक खरीद योजनाका आधारमा खरीद गर्नुपर्ने देखिन्छ । यस्तो खरीद सार्वजनिक खर्चमा मितब्ययिता तथा प्रभावकारीता कायम गर्ने निर्देशिकाको पुर्ण परिपालना गरी हुनुपर्नेमा यस बर्ष पालिकाले रु ३२९२००० तथा वडातर्फ रु ६०१००० गरी जम्मा रु ३८९३००० बराबरको मसलन्द तथा सामाग्री खरीद गरेको देखिन्छ भने कार्यक्रमगत रुपमा पनि स्टेशनरी खरीद गरेको देखिएकोले ब्यवस्थित खरीद ईकाईको गठन गरी खरीदको प्रभावकारी ब्यवस्थापन गर्नुपर्ने देखिन्छ ।केहि उदाहरण

गो भौ नं । मिति	आपुर्तिकर्ताको नाम	रकम रु
८१।२०८१।०७।०९	अफिस सप्लायर्स	३३५४२९
१६८।२०८१।०९।०१	युनिक प्रेस	९९१९९२
३६५।२०८२।०१।०४	अफिस सप्लायर्स	२१८४१७
३६८।२०८२।०१।०४	कम्प्युटर प्वाईन्ट	५३८५८३
५४६।२०८२।०३।०८	अफिस सप्लायर्स	५६१८७७
२२१।२०८१।१०।२२	कम्प्युटर प्वाईन्ट	४६५५२०

४२ फरक खर्च शीर्षक

स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३(७)मा कार्यपालिकाले सभावाट स्विकृत सीमा र शीर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी गरेको अनियमित रु

गो भौ न मिति	विवरण	खर्च लेख्नु पर्ने शिर्षक	खर्च लेखेको शिर्षक	रकम
३०३। २०८१।११।२३	भ्रमण खर्च	पारीश्रमिक कर्मचारी	भ्रमण	३०००००
४३४।२०८२।०२।०४	तालिम	उन्नत जातको लिचि र आपको विरुवा वितरण	उखु खेती तालिम	१९६१५५
५१०।२०८२।०२।२६	बैठक भत्ता	कर्मचारी अतिरिक्त सुविधा	बैठक भत्ता	२५३५००
६६६।२०८२।०३।२३	स्टेशनरी	पत्रपत्रिका	मसलन्द	५४८९५
६६८।२०८२।०३।२४	बैठक भत्ता	पदाधिकारी बैठक भत्ता	कर्मचारी बैठक भत्ता	७९५००
जम्मा				८८४०५०

अनियमित भएको	८,८४,०५०

४३ खर्चमा मितब्ययिता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । पालिकाको यस वर्षको आन्तरिक आय रु ५१८८०६० मात्र रहेको अवस्थामा पालिकाले यस वर्ष निम्न बमोजिम खर्च समानिकरण अनुदान र राजश्व बाडफाँट बाट प्राप्त भएको रकमवाट देहाय बमोजिम खर्च लेखेको छ ।

खर्च विवरण	रकम
फिल्ड भत्ता	९७८०००
अन्य भत्ता	१०००००
कर्मचारीको बैठक भत्ता	१०७००००
पदाधिकारी बैठक भत्ता	७८३०००
संचारमहसुल	८०००००
सडक हेरालु	२०९७०००
खानेपानी हेरालु	१४९३०००
सवारी साधन भाडा	६४५०००

४४ लघु उद्यम विकास कार्यक्रम

४४.१ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा) संचालन कार्यविधि, २०७७ अनुसार पालिकाले गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलाप सञ्चालन गरेको छ । यस सन्दर्भमा देखिएका व्यहोराहरु देहाय बमोजिम छ ।

४४.२ **उत्पादित सामाग्रीको अभिलेखः-** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ३९ मा उत्पादित वस्तुको गुणस्तर तथा विक्रि सम्बन्धि व्यवस्था रहेको छ । जस अन्तर्गत तालिमबाट उत्पादित सामान वा वस्तुको गुणस्तर कायम गराउनु सम्बन्धित प्रशिक्षकको दायित्व हुनुपर्ने तथा उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखि परल मूल्यको पचास प्रतिशत छुटमा सहभागिलाई नै विक्रि गर्न सकिने व्यवस्था उल्लेख छ । गो.भौ.नं १९६।२०८२-०३-११ अनुसार यो आ.व.मा तालिम सञ्चालन वापत जम्मा रु २६२९१६।- खर्च भएको छ । तालिम सञ्चालनका क्रममा उत्पादित विभिन्न सामाग्रीको वितरण तथा अभिलेख के कुन अवस्थामा छन् सो सम्बन्धमा कुनै विवरण प्राप्त हुन सकेन । तालिम सञ्चालनको क्रममा उत्पादित सामाग्रीहरुको व्यवस्थित अभिलेख राखि ५० प्रतिशत छुटमा सहभागिलाई विक्रि गर्नुपर्दछ । अन्यथा जिन्सी दाखिला गरी आम्दानी बाध्नुपर्छ ।

४४.३ **अनुगमनः-** गरिबी निवारणका लागि लघु एद्यम विकास कार्यक्रम(मेडपा) संचालन कार्यविधि, २०७७ को परिच्छेद ७ मा उपाध्यक्ष ज्यु सहित अन्य ५ जनाको सहितको अनुगमन तथा मुल्याङ्कन समिति गठन सम्बन्धी व्यवस्था छ । भने कार्यविधिको बुँदा नं ३२(३) मा भुक्तानी प्रकृयालाई बढी पारदर्शी र विश्वसनीय गराउन उद्यम विकास समितिले अनुगमन उपसमितिबाट नियमितरुपमा व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको कार्यप्रगति अनुगमन (कम्तीमा ३ पटक) / मूल्याङ्कन गर्ने व्यवस्था छ । तर पालिकाबाट कार्यविधिमा भएको व्यवस्था अनुरुपको कार्य भएको देखिदैन । तसर्थ सम्पादित तालिमबाट लक्षित उदेश्य प्राप्त भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

४५ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४६ हेभि उपकरण प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ ।सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा सतरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले एक्साभेटर प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाईएन । नमुना छनौट गरी परीक्षण गरिएका केही उदाहरणहरु यस प्रकार छन्

भौ. नं. र मिति	कामको विवरण	उपभोक्ता समिति	भुक्तानी रकम	ह्याभि इक्युपमेन्टको प्रकार	ह्याभि इक्युपमेन्टमा भएको खर्च रकम
२१।२०८१। १०।२९	मर्मत संभार वडा नं ५ (५ नं वडाका सडकहरु मर्मत)	बुद्ध टोल बिकास संस्था, पाँच खपन नपा ५	४६४५३६	एक्साभेटर	५०७२९४।५७
२४।२०८१। ११।५	मर्मत संभार वडा नं ७ (७ नं वडाका सडकहरु मर्मत)	चिंखुवा टोल विकास संस्था, पाँचखपन नपा ७	४४६२९१	एक्साभेटर	५०८०६०।६१
२५।२०८१। ११।११	गुप्तेश्वर महादेवथान ग्राउण्ड सम्याउने	गुप्तेश्वर महादेवथान संरक्षण तथा प्रवर्द्धन समिति	२९०३६१	एक्साभेटर	३२९७८७।१३
३०।२०८१। ११।१२	मर्मत संभार वडा नं ३ (३ नं वडाका सडकहरु मर्मत)	मिलिजुली टोल विकास संस्था पाँचखपन नपा ३	४७९७८१	एक्साभेटर	३९८५८२।८
३७।२०८१। ११।१८	मर्मत संभार वडा नं ४	दाँनाबारी कटहरे टोल विकास संस्था	४८३८१६	एक्साभेटर	५२८३१८।५९
४०।२०८१। ११।१९	मर्मत संभार वडा नं १	सडक मर्मत उपभोक्ता समिति वडा नं १	४६०२०८	एक्साभेटर	५०१९४३।४७
४७।२०८१। १२।१४	मर्मत संभार वडा नं ९	मर्मत संभार वडा नं ९ उपभोक्ता समिति	४५२९२१	एक्साभेटर	४९३५३०।२३
९५।२०८२। ०१।२४	कुसुवा जौबारी अम्लेसिनी सडक ट्र्याक ओपन	सम्पत्ती जौवारी टोल विकास संस्था	४३००००	एक्साभेटर	५७८८५०।३५
१३३।२०८२। ०३।०६	मर्मत संभार वडा नं ६	मर्मत संभार वडा नं ६ उपभोक्ता समिति	४६०७७९	एक्साभेटर	३७४८६५।

४७ **सभाबाट स्वीकृत सिमा र शिर्षक बाहिर गई बजेट खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने कुरा उल्लेख छ । पालिकाले गोर्खा वेलफेयर ट्रष्टसँगको साझेदारी कार्यक्रममा खर्च हुन नसकी बाँकी रहेको रकमबाट देहायबमोजिमको योजना तथा कार्यक्रममा रु.३९८८५९०। रकम खर्च गरेकोमा सभाबाट उक्त खर्च अनुमोदन नभएकोले ऐन विपरितको खर्च रकम अनियमित देखिएको रु.

क्र.सं.	मिति	भौ. नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	विवरण	खर्च रकम
१	०३/२५/२०८२	३१९	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	सेवालुङ क्लब भवन निर्माण, त्रिवेणी मालवासे मो.बा. स्तरोन्नती र मालवासे टोल वि स्वा अधेरी खोला देखि सिमलबोटे सम्म कुलो मर्मत	३,११,९२२.००
२	०३/२५/२०८२	३२०	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	भाङटार सिंहदेबी मन्दिरको रकम भुक्तानी । -	४८,५००.००
३	०३/२५/२०८२	३२१	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	जनता आ.वि फर्निचर व्यवस्थापनको रकम भुक्तानी । -	१,७५,०००.००
४	०३/२५/२०८२	३२२	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	ढुङ्गे गाँउ सामुदायिक भवन मर्मतको रकम भुक्तानी । -	१,९३,३८६.००
५	०३/२५/२०८२	३२३	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	वाना सिभुवा टाईगरचोक हुँदै चौदण्डे सडक बाटो मर्मत, जुके धारा सिँढी निर्माण अपुग रकम र तिनतले झरना जाने मो.बा. ट्र्याक ओपन	४,७१,९०३.००
६	०३/२५/२०८२	३२४	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	कालिकमा मा.वि फर्निचर खरिदको रकम भुक्तानि । -	९७,०००.००
७	०३/२५/२०८२	३२५	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	धोबिखोला मुहान गरी काभ्रेखेत सिंचाई योजनाको रकम भुक्तानी । -	९९,९०५.००
८	०३/२५/२०८२	३२६	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	याङलिङ खोला मुहानबाट दहाल गाँउ सम्म सिंचाई पाईप खरिदको रकम भुक्तानी ।ञ -	९८,०८४.००
९	०३/२५/२०८२	३२८	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	यावाखोला गरी डाँडाखेत पिप्ले सिंचाई पाईप खरिदको रकम भुक्तानी । -	९७,६३२.००
१०	०३/२५/२०८२	३२९	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	ममलाङ कुवा सिढि निर्माणको रकम भुक्तानी । -	८६,९००.००
११	०३/२५/२०८२	३३०	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	जलजला मा.वि घेराबाराको रकम भुक्तानि । -	९४,८००.००
१२	०३/२५/२०८२	३३१	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	जनजागरण भवन मर्मतको रकम भुक्तानी । -	९५,८००.००
१३	०३/२५/२०८२	३३२	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	इलाका प्रहरी कार्यालय मन्दिर निर्माण, बगुवा कोकले सिँचाई र जलकन्या आ.वि. भवन मर्मत संभार	७,०९,५०८.००
१४	०३/२५/२०८२	३३४	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	च्यानडाँडाँ बाट तल्लो डाँडा सम्म मोटर बाटो ट्र्याक ओपनको रकम भुकतानि । -	६२,०००.००
१५	०३/२५/२०८२	३३५	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	शिव आ.वि बाटो गेट मर्मतको रकम भुक्तानी । -	१,२०,०००.००
१६	०३/२५/२०८२	३३६	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	आईतबारे आ.वि ग्राउन्ड सम्याउने तथा भवन मर्मतको रकम भुक्तानी । -	२,४०,०००.००
१७	०३/२५/२०८२	३३७	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	नौमति बाजा संरक्षणको रकम भुक्तानी । -	४९,०००.००
१८	०३/२५/२०८२	३३९	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	ठाडोखेत सिचाईको रकम भुक्तानी । -	९७,०००.००

१९	०३/२५/२०८२	३४०	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	कटहरे कल्ब भलन निर्माणको रकम भुक्तानि । -	१,४५,०००.००
२०	०३/२५/२०८२	३४१	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	आधारभूत स्वास्थ्य केन्द्र ग्राउण्ड सम्याउने तथा झ्यालमा ग्रिल निर्माण र शहरी स्वास्थ्य इकाई व्यवस्थापन साँवागाउँ	१,१८,४८२.००
२१	०३/२५/२०८२	३४४	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	सिंचाइ पाइप खरिद बापतको रकम भुक्तानी । -	९४,८३८.००
२२	०३/२५/२०८२	३४९	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	वि.पि. स्मृति भवन रङ्गरोगन तथा फर्निचर खरिद र घरधुरी नम्बर प्लेटको सुरुवात	४९,९३०.००
२३	०३/२३/२०८२	२३२	गोर्खा वेलफेयर ट्रस्ट सँग साझेदारी	जग्गा उपलब्ध गराउने कृषकलाई सम्मान कार्यक्रम गर्नको लागि पेश्कि भुक्तानी । - ओम बहादुर श्रेष्ठ, वडा अध्यक्ष	४,३२,०००.००
जम्मा					३९,८८,५९०।

अनियमित भएको	३९,८८,५९०

४८ **सुरक्षीत नागरिक आवास कार्यक्रम**

सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को दफा ५ अनुसार अनुदान उपलव्ध गराउदा पालिकाले स्थानीय तह संग सम्झौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलव्ध गराउने र निर्माण कार्य सम्पन्न भए पस्चात स्थानिय तहको प्रविधिकवाट अनुसुची ३ वमोजिमको प्रविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत ४० प्रतिशत अनुदान रकम उपलव्ध गराउने व्यवस्था गरेको छ । पालिकाले यस बर्ष निम्न लाभग्राहीहरुलाई पहिलो कस्ता वापत रकम रु.६०००० अनुदान उपलब्ध गराएको छ । कार्यविधि अनुसार अनुसुची ३ बमोजिम प्राविधिक प्रतिवेदन सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

गो भौ नं	लाभग्राहीको नाम	रकम
२।१०।१४	सुक्रम राई	३००००
८।०३।०९	महेश बस्तेत	३००००
जम्मा		६००००

प्रमाण पेश नगरेको	६०,०००

४९ **औषधी खरीद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयासम्मको औषधिजन्य मालसमान उत्पाकले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।यसवर्ष पालिकाले देहाय बमोजिमका शिर्षकबाट विभिन्न फर्मसँग रु ५४५६४०६ (आयुर्वेदिक समेत) को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ ।यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

भौ नं । मिति	आपुर्तीकर्ता	खरिद रकम रु	कैफियत
५७।२०८२।२।२०	न्यासट्रोन ईन्टरनेशनल स्वस्त जीवन आयुर्वेदिक ओखति घर	१४६९२०१	संघीय शशर्त
१८५।२०८२।०२।०८	रुप्सा मेडिसेल्स	६०५५७०	
१७०।२०८१।०९।०७	आयान्स सर्जिमेड	५७९१९०	पालिका तर्फ
६६८।२०८२।०३।२३	केवलेश्वर मेडिसेल्स	४५९४०२	
विभिन्न	विभिन्न	२२३८५३	वडातर्फ
४।२०८१।०९।०१	भिमदेवी मेडिसिन सप्लायर्स	१२०७५००	वाना आ अस्पताल
९।२०८२।०२।१३	लक्की फर्मा प्रा लि	९११६९०	स्वास्थ्य बीमा
		५४५६४०६	

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११(२) मा भएको व्यवस्था बमोजिम पालिकाले औषधी खरिदको लागि वास्तविक लागत, स्थानीय बजार तथा अन्य बजारको प्रचलित दरभाउको आधारमा लागत अनुमान तयार गरी सोही अनुसार खरिद कार्य अगाडि बढाउनुपर्नेमा कोटेशन माग गरि सारभुत रुपमा कम दररेट पेश गरेको संग औषधी खरिद गरेको देखियो । यसरी प्रकाशित दरको आधारमा लागत अनुमान तयार नगरी कोटेशनमार्फत गरिएको खरिद कार्यमा उचित प्रतिष्पर्धाको प्रवर्द्धन हुन सकेन ।यसमा पालिकाले विशेष ध्यान दिनुपर्दछ ।

- खुल्ला बोलपत्रबाट औषधि खरिद गर्दा छुटको प्रतिशत बढने तथा खरिद कार्यमा स्वच्छ प्रतिस्पर्धाको प्रवर्द्धन हुने हुँदा पालिकाले विपदबाहेकको अवस्थामा बोलपत्रबाट खरिद गर्नुपर्ने साथै आपूर्ति हुने अधिकाँस औषधी तथा औषधिजन्य सामाग्रीमा म्याद सकिने मिति, ब्याच नं. उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरण तथा म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनुपर्ने आदि विवरण खुलाउनुपर्नेमा सबै विवरण खुलाएको देखिएन । साथै चालु आर्थिक वर्षमा औषधीको प्रयोग र मौज्दातको अवस्था के कस्तो छ सो सम्बन्धमा यकिन भएन ।

- पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति-व्यवस्थापन गर्नु पर्दछ । तर सो अनुसार पालिकाले व्यवस्थापन गरेको देखिदैन ।

- औषधी तथा औषधीजन्य समाग्रीहरु खरिद गर्दा ति समाग्रीहरु आपुर्तकको ठाउँदेखि खरिदकर्ताको ठाँउसम्म आपुर्तिगर्ने फर्मकै लगानीमा समाग्रीहरु ढुवानी गर्नेगरी सम्झौता गर्नुपर्नेमा सो अनुसारको सम्झौता नगरि खरिद कर्ता स्वयंम आफै ढुवानीको दायित्व निर्वाह गरेको छ । यसबाट पालिकालाई थप आर्थिक भार बढनुको साथसाथै समाग्रीको ढुवानी सुरक्षा जोखिम बढेको छ भन्ने खरिद कार्यमा मितव्ययिता कायम भएको देखिएन ।

- आपूर्ति हुने औषधि डब्लु.एच.ओ सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, व्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको अवस्था देखियो ।

- औषधिको खर्च घटाउँदा मागफाराको आधारमा घटाउनुपर्नेमा एकमुष्ट घटाउने गरेको

- तसर्थ औषधिको खरिद, आपूर्ति दाखिला तथा खर्चको विवरण अधावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४००५३९९५५.१६	५१८८०६०	१३

५१ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६४५०००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.५१८८०६०.२३ अर्थात अनुमान भन्दा ८० प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

५२ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
११३१३ - सम्पती कर	०.००	१५०२२.५३	०
११३१४ - भुमिकर/मालपोत	१०१५०००	११२४३५१.५५	११०.७७
११३१७ - वहाल कर	२०००००	६४४५३.६५	३२.२३
११३१८ - वहाल विटौरी कर	२५०००	**०.००**	**०.**
११४५१ - सवारी साधन कर (साना सवारी)	०.००	१७००.	०.
११६११ - व्यवसायले भुक्तानी गर्ने	०.००	५४००.	०.
११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	५००००	२७००.	५.४
११६९१ - अन्य कर	३०००००	३८८८४४.५	१२९.६१
१४२११ - कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	२०००००	०.००	०
१४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम	५००००	०.००	०
१४२१६ - निजी धारा वापतको शुल्क	२०००००	३७९८२१	१८९.९१
१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	२००००	०.००	०
१४२२१ - न्यायिक दस्तूर	५००००	२४००	४.८
१४२२४ - परीक्षा शुल्क	५००००	१०००	२
१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	५००००	७७९२०	१५५.८४
१४२४२ - नक्सापास दस्तुर	५०००००	१०००	०.२
१४२४३ - सिफारिश दस्तुर	१२००००	१४५२६७२	१२१.०६
१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	५०००००	४१७९६०	८३.५९
१४२४५ - नाता प्रमाणित दस्तुर	२०००००	७११४०	३५.५७
१४२४९ - अन्य दस्तुर	३०००००	२७६०००	९२
१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	६०००००	३२७४४५	५४.५७
१४२६२ - विद्युत सम्बन्धी दस्तुर	०.००	१००.००	०
१४२६३ - जलस्रोत सम्बन्धी अन्य दस्तुर	३०००००	९४००	३.१३
१४२६५ - अन्य क्षेत्रको आय	२००००	०.००	०
१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत	१०००००	२४००	२.४
१४५२९ - अन्य राजस्व	५०००००	५५७१००	१११.४२
१४६११ - व्यवसाय कर	२००००	३६२५	१८.१३
१५१११ - बेरूजू	०.००	५६०५	०
जम्मा	**६४५००००**	**५१८८०६०.२३**	**८०.४४**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

५३ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३६२५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

५४ **विद्यालय निजी शिक्षक अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ अनुसार संघीय सरकारले सशर्त अनुदान उपलब्ध गराउने ब्यवथा रहेको छ । यस वर्ष पालिकाभित्रका विभिन्न विद्यालयहरुमा निजी श्रोतका शिक्षकहरुद्धारा विध्यालयमा पठनपाठन गर्नका लागि कार्यविधि वेगर तथा शिक्षाको गुणस्तरको आँकलन नगरी शिक्षकहरुको तलब बजेटमा व्यवस्था गरी भुक्तानी दिएको देखियो।अंग्रेजी माध्यममा पठनपाठन गर्ने तथा प्रस्तावित माध्यामिक विद्यालयका लागि समेत नगरपालिका र वडाहरुबाट समेत वजेट व्यवस्था गरी भुक्तानी गरेको पाइयो। प्रस्तावित माध्यामिक विद्यायलयको लागी शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा अन्य सम्बन्धित निकायमा पहल गरी माध्यामिक विद्यालयको दरबन्दी स्वीकृत गरी स्थायी शिक्षक नियुक्ती गरी तलब खर्च लेखुपर्नेमा पालिकाले आन्तरिक स्रोतको समेत ख्याल नगरी वडाबाट बजेट विनियोजन गरी माध्यामिक विद्यालय संचालन गर्ने नाममा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको परामर्श र विद्यालय संचालन गर्ने स्वीकृति वेगर अनुदान निकासा गरीएकोमा शिक्षक विद्यार्थी अनुपातमा पालिकाभित्रका शिक्षकहरुको दरबन्दी मिलान गरी थप शिक्षकको आवस्यकताका आधारमा बजेट विनियोजन गर्नुपर्दछ ।

गो भौ नं ।मिति	कार्यक्रमको नाम	रकम रु	कैफियत
२।२०८१।०६।१४ (शिक्षा)	शैक्षिक सुधार कार्यक्रम	५८७६२४५	समानिकरण अनुदान
५।२०८१।०८।२७ (शिक्षा)		४४५५८२३	
७।२०८१।१२।२० (शिक्षा)		४७२९८२४	
१४।२०८२।०२।२० (शिक्षा)		४६१२७२४	
जम्मा भुक्तानि रु		१९६७४६१९	

५५ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ अनुसार प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थी संख्याको आधारमा वार्षिक १८० दिनका लागि प्रति विद्यार्थी रु १५ को दरले रकम निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । यसरि रकम निकाशा गर्दा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्नुपर्ने, IEMIS मा रहेको विद्यार्थी संख्या यकिन गर्नुपर्ने, पछिल्लो त्रैमासिकमा रकम निकाशा गर्दा भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था रहेको छ । IEMIS मा रहेको कक्षा ५ सम्मको विद्यार्थी संख्या जम्मा २०६४ जना रहेको देखियो । गो.भौ.नं ५३, १०८, १४४, २४१ अनुसार कार्यालयले यस वर्ष जम्मा रु. ४३,२३,०९०/- बराबरको विभिन्न ३५ विद्यालयहरुलाई दिवा खाजा वापत भुक्तानी दिएको छ । निकाशा दिदाँ तोकिएका मापदण्ड तथा निर्देशिकाको पुर्ण पालना गरि दिवा खाजाको रकम निकाशा गर्नुपर्दछ ।

५६ **पारिश्रमिक कर**

आयकर ऐन २०५८ को दफा ८९ ले अनुसुचि १ वमोजिमको वार्षिक आयको गणना गरी पारीश्रमिक कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले विभिन्न विद्यालयका शिक्षकहरुको तलब, भत्ता निकाशा गर्दा बार्षिक रुपमा लाग्ने पारिश्रमिक करको विवरण पेश गरेको छैन् , विद्यालयहरुबाट बार्षिक लेखापरिक्षण प्रतिवेदन समेत प्राप्त नभएकोले सम्बन्धित विद्यालयहरुबाट शिक्षकहरुको पारिश्रमिक कर कट्टा भए नभएको बारेमा यकिन हुन सकिएन । पालिकाले यस सम्बन्धमा यकिन गरि पारिश्रमिक कर कट्टा नभएमा असुल गरि संघिय संचितकोष दाखिला हुनुपर्दछ ।

५७ **शिक्षा**

पालिकाले वित्तिय हस्तान्नतरण अन्त्रगतका कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्दा स्विकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । शिक्षा तर्फको कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रम कार्यान्वियन पुस्तिका २०८० को व्यवस्था अनुसार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका कार्यक्रमहरुको अवस्था निम्नाअनुसार देखिएको छ ।

